## नगर कार्यपालिका बैठक संख्या १९
मिति २०७५ साल आषाढ १८ गते

**निर्णय नं. १ :**
यस नगरपालिकाको वडा नं. ५ स्थित दुर्गा मन्दीर नजिक वडा नं. ५, ६, १२ र १३ लाई लक्षीत गरी खानेपानी तथा सरसफाई कार्यक्रमको सहलगानीमा पर्सा साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको कार्यक्रम अन्तरगत खानेपानी योजनाको कुल लागत अनुमानीत रु.१७,४३,३२,९४५।- मध्ये सहलगानी आयोजना व्यवस्थापन कार्यालयबाट कूल लागतको ७० प्रतिशतका दरले हुने रकम १२,२०,३३,०६१/५० सुनिश्चितता भई सकेको र उपभोक्ताबाट व्याहोर्ने रकम ३० प्रतिशतले हुने रु.५,२२,९९,८८३/५० मध्ये ८७,१६,६४७/२५ स्रोत जुटी सकेको र उक्त आयोजना सम्पन्न गर्नको लागि नपुग हुने रकम रु.४,३५,८३,२३६/२५ ऋण उपलब्धताको लागि नगर विकास कोष काठमाण्डौलाई सिफारिश गरी दिन भनी पर्सा साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले माग गरे बमोजिम उक्त संस्थालाई ऋण उपलब्ध गराई दिन सिफारिश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**
यस नगरपालिकाको आ.व. २०७४।०७५को शिक्षा विकास कार्यक्रम अन्तरगत ICT पूर्वाधार सहीतको शैक्षिक सूचना केन्द्रको रुपमा विकास गर्न सामुदायिक सिकाई केन्द्रको लागि प्राप्त रकम रु.२,००,०००।-उक्त कार्य गर्नको कुमरोज सामुदायीक सिकाई केन्द्रलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

खैरहनी नगरपालिका वडा नं. ८ मगनी स्थित भत्केको पुल निर्माण गर्नको लागि प्रदेश नं. ३ को बार्षिक कार्यक्रममा रु. ५०,००,०००।- रकम बिनियोजन भएको देखिएको छ । उक्त योजनालाई नेपाल सरकार केन्द्रीय बजेटबाट डिभिजन सडक कार्यालय चितवनबाट निर्माण गर्ने गरी वोलपत्र आव्हान भई सकेको जानकारी प्राप्त हुन आएकोले उक्त योजना दोहोरो पर्न गएको कारणले प्रदेश सरकारबाट बिनियोजीत रकम यसै नगरपालिकाको वडा नं. २ र ३ जोडने पुल निर्माण कार्यका लागि संशोधन गरी दिन प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

नगरपालिकाबाट सञ्चालन हुने विभिन्न खर्चका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क) चालु खर्चको हकमा आषाढ २० गते सम्म आर्थिक कारोबार सञ्चालन गर्ने ।

(ख) पुंजीगत खर्चको हकमा आषाढ २५ गते अगावै कार्य सम्पन्न गरी वडा कार्यालयबाट सिफारिश भई यस कार्यालयमा दर्ता भएका योजनाको भुक्तानी प्रक्रियामा लैजाने